## कालाजार के हो ?

यो रोग स्याण्ड फ्लाइ नामक भुसुनाले टोकेर लाग्ने सरुवा रोग हो । कालाजारको रोगीलाई टोकेको संक्रमित भुसुनाले निरोगी व्यक्तिलाई टोकेमा यो रोग सर्दछ । नेपालको पूर्वी र मध्य तराई तथा केही पहाडी जिल्लाहरूमा वर्षा र गर्मीको मौसममा यो रोग फैलिने गर्छ । यो रोग लागेपछि रोगी मानिसको अनुहार, हात, खुट्टा तथा पेटको छाला कालो हुने भएकाले यो रोगलाई कालाजार भनिएको हो ।



## कालाजार रोग सार्ने भुसुना कस्तो ठाउँमा बस्छन् ?

यी भुसुनाहरू तराईका गर्मी ठाउँहरूमा बढी पाइन्छन् । यी भुसुनाहरू गोबरमाटोले लिपेर ओसिलो भएका घर र झुपडीहरूका भित्ताका चिराहरू, मुसाले खनेको ओसिलो माटो, गाईभैंसीको गोठ, मुसाको दुलो, दाउरा राख्ने ठाउँ र फोहोरमैला थुप्रिएको ठाउँमा बस्छन् र भुसुनाहरूले उक्त ठाउँमा फुल पार्ने गर्दछन् ।

## भुसुनाले कुन समय र स्थानमा बढी टोक्छन् ?

- साँझको समयमा घरबाहिर बसेका बेला वा काम गर्दा र आराम गर्दा भुसुनाले शरीरको खुला रहने कपडाले नढाकेका नाङ्गा अंग (हातखुट्टा आदि) भागहरूमा बढी टोक्ने गर्छन् ।
- भुइँतलामा झुलको प्रयोग नगरी सुत्दा पनि भुसुनाले बढी टोक्ने गर्छन् ।

## कालाजार रोगका लक्षणहरू के के हुन् ?

कालाजार रोग लागेमा निम्न लक्षणहरू देखा पर्दछन् :

- दुई हप्ता वा सोभन्दा बढी समयसम्म मन्द ज्वरो आइरहने,
- तौल घट्दै जाने,
- खाना खान मन नलाग्ने,
- बायाँ कोखामा असजिलो वा भारी अनुभव हुने,
- अनुहार, हात, खुट्टा तथा पेटको छाला कालो हुँदै जाने,
- पेट बढ्ने वा बायाँ कोखामा कुनै डल्लो वा गाँठो बढेको महसुस हुने,
- शरीरमा रगतको कमी हुने,
- शरीर फुस्रो देखिने ।




**याद राखौं :**

**आफ्नो परिवार, छिमेकमा कसैलाई यो रोग लागेको शंका लागेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा उपचारका लागि लैजानु पर्दछ । कालाजार रोगको जाँच, निदान, औषधि उपचार सबै स्वास्थ्य संस्थाहरूमा नि:शुल्क उपलब्ध छ ।**

## कालाजार रोग लाग्नबाट बच्ने उपायहरू के के हुन् ?

- साँझको समयमा घरबाहिर बस्नुपरेमा पुरा बाहुला भएका कपडा लगाउने, नाङ्गो भागमा लामखुट्टे भगाउने मलम दल्ने,
- यो रोग सार्ने भुसुना ६ फिटभन्दा माथि उक्लन नसक्ने भएकाले सम्भव भएसम्म घरको माथिल्लो तलामा सुत्ने,



- गाईभैँसीको गोठ घरबाट टाढा बनाउने,
- घरवरिपरि सधैँ सफासुग्घर राख्ने,
- घर र गोठका भित्तामा भएका प्वाल र चिराहरूलाई राम्ररी लिपपोत गरी टालिदिने,



- फोहोर तथा सडेगलेका पदार्थहरू निश्चित स्थानमा विसर्जन गर्ने,
- सुत्दा सधैँ कीटनाशकयुक्त झुलको प्रयोग गर्ने,
- कीटनाशक औषधि छिट्ने समयमा राम्रोसँग छिट्कन लगाउने र औषधि छर्कने टोलीलाई आवश्यक सहयोग गर्ने,



- ३ महिनासम्म कीटनाशक औषधि छिटेको स्थानमा लिपपोत नगर्ने ।
- गाईभैँसीको गोठमा कहिले पनि नसुत्ने ।

**कालाजार रोगीले स्वास्थ्य संस्थामा गई जाँच गरी पूर्ण उपचार गराएपछि यातायात खर्च बापत रु. १०००।– सम्बन्धित स्वास्थ्य संस्थाले उपलब्ध गराउँछ ।**

**यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।**

World Health Organization

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं, फोन : ०१–४२५४२७१, फ्याक्स नं. : ०१–४२६१३८७
Website : www.nheicc.gov.np
२०७०/०७१

# कालाजार

**"लामखुट्टे, भुसुना साना प्राणी हुन्, यिनको टोकाइले स्वास्थ्यमा ठूलो खतरा ल्याउन सक्छ"**



**पेट बढेको वा बायाँ कोखामा कुनै डल्लो वा गाँठो बढेको महसुस भएमा र ज्वरो आएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं । अकाल मृत्यु हुनबाट बचौं ।**